# लेखापरीक्षण प्रतिवेदन

## मालिका गाउँपालिका, म्याग्दी

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# मालिका गाउँपालिका, म्याग्दी

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/154

श्रीमान अध्यक्षज्यू,
मालिका गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, म्याग्दी।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/154

## स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू ,

मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

म्याग्दी।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

### १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. त्यस पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. त्यस पालिकाको लेखापरीक्षणबाट रु. ६८ लाख ९४ हजार बेरुजू देखिएकोमा रु. २३ लाख ७६ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने ६१ हजार, नियमित गर्नुपर्ने रु. ४२ लाख ६६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ लाख ९० हजार गरी जम्मा रु.४५ लाख १८ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.१९ करोड ४१ लाख ७७ हजार मध्ये रु.१२ करोड ३ लाख ११ हजार फस्यौंट भई यस वर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.७ करोड ८९ लाख ६५ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले त्यस गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।


**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत त्यस गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट संपरीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| ७१ | १४ | ६८,९४,७४६ | १ | ४ | २३,७६,२११ | ० | ७० | १० | ४५,१८,५३५ | ६१,३२९ | ४२,६६,५४० | १,९०,६६६ | ० | ० | ४४,५७,२०६ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| म्याग्दी | १९,४१,७७,६७६ | ० | १२,०३,११,५५१ | ७,३८,६६,१२५ | ५,८०,५७२ | ४५,१८,५३५ | ७,८९,६५,२३२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको बेहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| **प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट संपरीक्षण भएको** | | | |
| १ | २०८१/८२ | शिक्षण अनुदान | २२,००,००० |
| २ | २०८१/८२ | बढी भुक्तानी | १६,७५६ |
| ३ | २०८१/८२ | पारिश्रमिक करकट्टी | ३,३५८ |
| ४ | २०८१/८२ | आयोगको परामर्श | ० |
| ५ | २०८१/८२ | आय ठेक्कामा मूल्य अभिवृद्धि कर | १,५६,०९७ |
| | | | |

| | | | |
|---|---|---|---|
| **जम्मा** | | | **२३,७६,२११** |
| **गत विगत आर्थिक वर्षहरूको संपरीक्षण** | | | |
| ६ | २०८०/८१ | प्रदेश सञ्चित कोष दाखिला | ३,५६,००० |
| ७ | २०८०/८१ | ननफाइलर | १८,३५,०५२ |
| ८ | २०७९/८० | नक्सा पेश | १,००,००० |
| ९ | २०७८/७९ | शिक्षा | ४,८९,६०३ |
| १० | २०७८/७९ | बैंक हिसाब मिलान नगरेको | ५,७३,७५,७०६ |
| ११ | २०७८/७९ | जिम्मेवारी फरक परेको | ४,०९,६४,२२१ |
| १२ | २०७८/७९ | अनुमानित नापी | १,९०,९१,३६९ |
| १३ | २०७८/७९ | अनुगमन तथा निरिक्षण प्रतिवेदन संलग्न नगरी भुक्तानी | ९९,६०० |
| **जम्मा** | | | **१२,०३,११,५५१** |
| **कुल जम्मा** | | | **१२,२६,८७,७६२** |

# मालिका गाउँपालिका, म्याग्दी

# ( ८०४४४५०४३०० )

# मालिका गाउँपालिका , म्याग्दी

## परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल १४७.१७ वर्ग कि.मि. तथा १८३३२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।४ देखि २०८२।५।८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय व्ययर्फ रु.९९ करोड ९१ लाख १९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत वित्तिय विवरणः**

पालिकाले लेखापरीक्षणको लागि पेश गरेको एकीकृत आर्थिक विवरण निम्नानुसार रहेको छः

| आर्थिक कारोबारको एकीकृत विवरण | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ति | | | भुक्तानी | | |
| विवरण | रकम | जम्मा रकम | विवरण | रकम | जम्मा रकम |
| सुरु मौज्दात | | ८०६३८५२८ | चालु खर्च | | २६८७२३५५० |
| १.संचित कोष | ६१२२५३८५ | | १.पालिका तर्फ | ९०८३२५०३ | |
| २.धरौटी | ८२९३०७३ | | २. संघीय सशर्त | १७७८९१०४७ | |
| ३.कार्यसञ्चालन कोष | १११२००७१ | | ३. संघीय विशेष | ० | |
| क. स्थानीय तह विविध कोष खाता | ७७७२७५१ | | ४. प्रदेश सशर्त | ० | |
| ख. स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २६४२२०८ | | ५. प्रदेश विशेष | ० | |
| ग. विविध खर्च खाता | ३४९१११ | | पुँजीगत खर्च | | ९५१४८२४० |
| ४. अन्य कोष (विभाज्य कोष खाता) | ३५६००० | | १.पालिका तर्फ | ८३८१३१५० | |
| यस वर्षको आय | ० | ७३६२३०३ | २. संघीय सशर्त | ६७४८५० | |
| १.आन्तरिक आय | ७३६२३०३ | | ३. संघीय विशेष | ३६४६८२० | |
| २. वित्तीय हस्तान्तरण (संघ) | ० | ३५९३८५१८७ | ४. संघीय समपुरक | ४४५६९२० | |
| क) समानीकरण अनुदान | ७६५३१००० | | ५. प्रदेश सशर्त | ० | |
| ख) राजस्व बाँडफाँट | ८०२८९८६३ | | ६. प्रदेश विशेष | २५५६५०० | |
| ग) सशर्त अनुदान | १९४३३६००० | | ७. प्रदेश समपुरक | ० | |
| घ) समपुरक अनुदान | ४४५६९२० | | अन्तर सरकारी अख्तियारी (संघ) | | ११२४६८८५१ |
| ङ) विशेष अनुदान | ३६४६८२० | | क) सामाजिक सुरक्षा | ११२४६८८५१ | |
| च) रोयल्टी बन र पर्वतारोहण | १२४५८५ | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ० | |
| छ) अन्य | ० | | अन्तर सरकारी अख्तियारी (प्रदेश) | ० | |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | ० | २०६०४०११ | ऋण फिर्ता(साँवा) | ० | |
| क) समानीकरण अनुदान | १०५३५००० | | ऋणको ब्याज भुक्तानी | ० | |
| ख) राजस्व बाँडफाँट | ७५१२५११ | | धरौटी फिर्ता तथा सदर स्याहा | २३६५६६५ | २३६५६६५ |
| ख १. सवारी साधान कर | ५०८८४८९ | | कार्यसञ्चालन कोषबाट भएको खर्च | १२५९६८३ | १२५९६८३ |
| ख 2. दहत्तर बहत्तर शुल्क | ८९७६७७ | | अन्य कोषबाट भएको खर्च (विभाज्य कोष खाता बाँकी राजश्व रकम दाखिला) | ३५६००० | ३५६००० |
| ख 3. घर जग्गा रजिष्ट्रेशन दस्तुर | १५२६३४५ | | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | ० | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ग) सशर्त अनुदान | ० | | अन्य सहयोगमा सञ्चालित योजना | ० | |
| घ) समपुरक अनुदान | ० | | अन्य खर्च भएमा | ० | |
| ङ) विशेष अनुदान | २५५६५०० | | अनुदान फिर्ता | | १५७७०१०३ |
| च) रोयल्टी | ० | | १. संघ तर्फ | ० | |
| छ) अन्य | ० | | क) सशर्त अनुदान | १५७७०१०३ | |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | ० | ११२४६८८५१ | ख) विशेष अनुदान | | |
| क) सामाजिक सुरक्षा | ११२४६८८५१ | | ग) समपुरक अनुदान | ० | |
| ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ० | | २. प्रदेश तर्फ | ० | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | ० | | क) सशर्त अनुदान | ० | |
| ६. ऋण/ वित्तीय व्यवस्था | ० | | ख) विशेष अनुदान | ० | |
| ७. धरौटी आय | १४७०१९६ | १४७०१९६ | ग) समपुरक अनुदान | ० | |
| ८. कार्यसञ्चालन कोष | | १७३६७०४ | अन्तिम मौज्दात | ० | ८७५७३६८८ |
| क. स्थानीय तह विविध कोष खाता | ० | | १. संचित कोषको मौज्दात | ६८९३४९९३ | |
| ख. स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ० | | २. धरौटी | ७३९७६०४ | |
| ग. विविध खर्च खाता | १७३६७०४ | | ३. कार्य सञ्चालनकोष | | |
| ९. अन्य कोषको आय | ० | | क. स्थानीय तह विविध कोष खाता | ७७७२७५१ | |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | ० | | ख. स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २६४२२०८ | |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | ० | | ग. विविध खर्च खाता | ८२६१३२ | |
| जम्मा | | ५८३६६५७८१ | जम्मा | | ५८३६६५७८१ |

पालिकाले गत वर्ष (०८०।०८१) पेश गरेको एकीकृत वित्तीय विवरण बमोजिम गतवर्ष सम्म बाँकी रहेको संचित कोषको मौज्दात रु ६१२०४३८४, धरौटी मौज्दात रु ८२९३०७२, कार्यसंचालन कोषको बाँकी रु १०७६४०७० र बाडफाँड हुन बाँकी रु ३५६००० समेत जम्मा कूल रु ८०६१७५२६ बाँकी रहेको मौज्दात रकम आ.व २०८१।०८२ मा जिम्मेवारी सार्नुपर्नेमा स्थानीय तह संचित कोष खातामा रु २१००० वढी हुने गरी जिम्मेवारी सारेको समेत जम्मा रु ८०६३८५२७.९२ जिम्मेवारी सारेको छ । यद्यपी जिम्मेवारी फरक पर्नाको कारण सम्बन्धमा पालिकाले स्पष्ट गरेको छैन ।

३ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा

राख्नुपर्ने व्यवस्था गरेको छ । यस पालिकाको शुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ती र भुक्तानीको वार्षिक प्रतिवेदन ( म.ले.प फारम नं २७०) अनुसूची-१ मा समावेश छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पालिकाको चालु खर्च खाता, पुँजीगत खाता, आन्तरिक राजस्व खाता, राजस्व बाँडफाँड खातामा रहेको सबै रकम संचित कोषमा ट्रान्सफर गरी बैङ्क मौज्दात रु. ८,७५,७३,६८८ रहेको छ ।

५ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ७३ लाख ६२ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. २७ करोड ६२ लाख ९२ हजार समेत रु २८ करोड ३६ लाख ५४ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २६ करोड ८७ लाख २३ हजार र पूँजिगत तर्फ रु ९ करोड ५१ लाख ४८ हजार समेत रु ३६ करोड ३८ लाख ७१ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.०२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४ प्रतिशत चालु र २६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

६ **पुँजीगत खर्चको विश्लेषण:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो गाउँपालिका पुँजिगत, सशर्त, समपुरक तथा विशेष शिर्षकबाट रु ९,५१,४८,२४० खर्च गरेकोमा रु १,६७,६६,६९९ अर्थात १७.६२ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ । कुल खरिद मध्ये सोझै कोटेशनबाट रु७५,९७,६२९ र उपभोक्ता समितिबाट रु ७,०२,२८,०११ को खरिद गरेको छ । सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धा एंव मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

७ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान गरेको छ । पालिकाले बैङ्क हिसाब मिलान विवरण अनुसार वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता ग.४.१ | ६८९३४९९३.२८ | ६८९३४९९३.२८ | ० |
| विविध खर्च खाता ग.२.३ | ८२६१३२.०७ | ८२६१३२.०७ | ० |
| स्थानीय तह विविध कोष खाता ग.५.१ | ७७७२७५१ | ७७७२७५१ | ० |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष .७.२ | २६४२२०८.३३ | २६४२२०८.३३ | ० |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | ० | ० | ० |
| धरौटी ग.३.१ | ७३९७६०३.७९ | ७३९७६०३.७९ | ० |
| बैङ्क | ८७५७३६८८.४७ | ८७५७३६८८.४७ | ० |
| जम्मा | | | |

## ८ आन्तरिक नियन्त्रण प्रणालीः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन । जिल्ला दररेट लाई नै आधार लिई कार्य गर्ने गराउने निर्णय गरेको पाइयो ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाइएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समितिले ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्ने कार्यलाई पूर्ण रूपमा कार्यान्वयन गरेको छैन ।

•निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण बनाई लागू गरेको पाइएन ।

•स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजना बैङ्क खडा गरेको देखिएन ।

•वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाइएन ।

•ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन ।

•स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गराएको पाइएन ।

## ९ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकामा आन्तरिक लेखापरीक्षक शाखामा कार्यरत कर्मचारी सरुवा भै अन्यत्र गएकोले आन्तरिक लेखापरीक्षण हुन सकेको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## १० स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने

व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

११ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.८५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.७३ लाख ६२ हजार ३०३ अर्थात अनुमानको ८६.६१ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१२ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| | | | रु हजारमा |
|---|---|---|---|
| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ० | ० | ० |
| घरजग्गा वहाल कर | १२०० | १३८७ | ११५ |
| व्यवसाय कर | १३०० | १०८० | ८३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१३ **असुली गर्न बाँकी आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष दर्ता तथा नविकरण भएका तथा नभएका व्यवसाय वहालकर तिर्ने दायित्व भएका करदाताको अभिलेख अद्यावधीक नभएकाले असूल गर्न वाँकी आन्तरिक आय यकिन भएको छैन ।

त्यसैगरी उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्दछ ।

१४ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१० लाख ८० हजार ९७० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्न । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१५ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च रु हजारमा | आन्तरिक आय रु हजारमा | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २७६२९२ | ७३६२ | २.६६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.६६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१६ **राजस्व असुलीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ७ र प्राथमिक स्वास्थ्य केन्द्र दरवाङ्ग र वडामध्ये नमुना छनौट गरी निम्नानुसारका वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु.२२ लाख ६२ हजार असुली भएकोमा सबै रकम दाखिला भएको पाइएको छ ।तर प्रणालीले असूली गरेको सबै रकम दाखिला गरेको देखाउँदा वाँकी रहेको छ छैन एकीन गर्न नसकिएकोले पालिकाबाट अनुगमन गरी राजस्व अभिलेख दुरुस्त बनाउनु पर्दछ ।

| | | | हजारमा |
|---|---|---|---|
| वडा नं | आय शिर्षक | अशुली रु. | दाखिला रु. |
| १ | विभिन्न | १६२ | १६२ |
| २ | विभिन्न | २३६ | २३६ |
| ३ | विभिन्न | ३२६ | ३२६ |
| ४ | विभिन्न | ३९१ | ३९१ |
| ५ | विभिन्न | ४१३ | ४१३ |
| ६ | विभिन्न | ५०९ | ५०९ |
| ७ | विभिन्न | २२५ | २२५ |
| जम्मा | | २२६२ | २२६२ |

१७ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आय ठेक्का लगाउँदा एक हाइड्रोको कबोल रकम रु.४४६९४६ रहेकोमा मूल्य अभिवृद्धि कर रु.५८१०२ असुल नगरेकोले असूल गरी उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१५६,०९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ५८,१०२ |
|---|---|

१८ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था बमोजि पालिकाले समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१९ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

२० **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।३।७ मा रु.४७ करोड ७४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।७ मा पारित भएकोमा पुनः ५० करोड ३ लाख संशोधीत बजेट कायम भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

२१ **बजेट अवण्डाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष विपदजन्य क्षतिबाट पुर्ननिर्माण तथा राहत वितरण( पालिका स्तरिय) कार्यक्रममा रु.१० लाख बजेट व्यवस्था गरी ११ योजनामा रु. ७ लाख ०६ हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | विपद सामग्री खरिद | २००००० |
| २ | धन बहादुर दमाईको घर निर्माण | १००००० |

२२ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका

आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल १५४ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | . कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३१ | ९ | ९ | १३ |
| २. | वडास्तरीय | १२३ | ० | २८ | ९५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १४९ योजनामात्र कार्यान्वियन भई ५ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

२३ **लक्ष्य प्रगतिः**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नुपर्दछ ।

२४ **वार्षिक खरिद योजना/गुरुयोजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ९ करोड ५१ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२५ **ठेक्का अभिलेखः-**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि न | क्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक क्षेत्र | १५६३६००० | ९५७८९६४ | २.६३ |
| २ | सामाजिक क्षेत्र | २६३६४७००० | २३२८०२३५५ | ६३.९८ |
| ३ | पूर्वाधार विकास | ८०९५१००० | ३४९३३२६१ | ९.६० |
| ४ | सुशासन र अन्तरसम्बन्धित क्षेत्र | २१८६२००० | १९७६२१८५ | ५.४३ |
| ५ | वातावरण तथा जलवायू | ११५०००० | १०८३६०० | ०.३० |
| ६ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ११७४३०००० | ६५७११४२४ | १८.६० |
| | | ५००६७६००० | ३६३८७१७८९ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ६३.९ प्रतिशत र सुशासन क्षेत्र अन्तर्गत वातावरण तथा जलवायूमा सबै भन्दा घटीमा ०.३ प्रतिशत रहेको छ ।पूर्वाधार क्षेत्रमा ९.६ प्रतिशत खर्च भएको छ । विकास निर्माणको क्षेत्रमा लागानी वृद्धि गर्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२७ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

रकम रु.हजारमा

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ९५१४८ | ६९५ | ५२४० | १३९४३ | ७६२६९ | ५४७०६ |
| प्रतिशत | १०० | ०.७३ | ५.५० | १४.६५ | ८०.१५ | ५७.४९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक निकासा भएको मध्ये प्रथम त्रैमासिकमा रु. ६ लाख ९५ हजार(०.७३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.५२ लाख ४० हजार (५.५०प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१ करोड ३९ लाख ४३ हजार (१४.६५ प्रतिशत) र चौथो त्रैमासिकमा रु ७ करोड ६२ लाख ६९ हजार(८०.१५) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड ४७ लाख (५७.५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२८ **पुँजीगत बजेटमा चालु प्रकृतिका खर्चः**

पुँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो ।यस सम्बन्धमा चालु बजेट उपशिर्षकमा पर्याप्त रकम नभएकोले पुँजीगत बजेट उपशिर्षकबाट दिएको कार्यालयले जनाएको छ । केही उदाहरणहरुः

| क्र सं | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | मैकुटे पटेल | आर्थिक सहयोग | १५००० |
| २ | निर्मला बुढाथोकी | राहत | ५०००० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२९ **जिन्सी निरीक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ । यद्यपी प्रतिवेदन अनुरुप मर्मत संभार र लिलाम विक्री गरेको नदेखिदा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

३० **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, १ वटा नियमावली, २३ कार्यविधि लगायत ३१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

३१ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष थप भएको ८ गरी कुल ८ विवाद दर्ता भएकोमा सबै विवाद फर्स्यौट भएको देखिन्छ ।

३२ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्था मध्ये १३ वटा एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३३ **अवकास कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन ।

३४ **अनुदानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पुर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लिखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले

स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष आत्मनिर्भर कृषि सहकारी संस्था वडा नं ६ दरवाङ्ग लाई चाउमिन मेशिन खरिद गर्ने रु ३२५००० रकम भुक्तानी दिएकाले नियमसंगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,२५,००० |

३५ **फोहरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३६ **कार्य सञ्चालन तथा अन्य कोषः**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष विविध कोष खाता, प्रकोप व्यवस्थापन कोष खाता, अन्य कोष खाता सारेको रु १११२००७०.५७ सहित रु १२८५६७७४.४० आय र रु १६१५६८३ खर्च गरी रु ११२४१०९१.४० मौज्दात देखिएको छ । यसरी कोषमा रकम राखेर खर्च गर्दा खर्चमा दोहोरा पना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

३७ **विविध खर्चः**

पालिकाले यो वर्ष विविधतर्फ रु.१२,४५,११०/- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३८ **आर्थिक सहायताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय अनुसारको कार्यक्रम स्वीकृतगरी उद्धार, राहत तथा पुनर्स्थापना वापत आर्थिक सहयोग वितरण गरेकोमा सोको मापदण्ड तथा निर्देशिका निर्माण गरेको भएता पनि पूर्ण पालना गरेको देखिएन। कार्यविधिको दफा १० मा स्थायी बसोवास भएको कागजातको आधारमा वडा कार्यालयको सीफारिसको आधारमा राहत वितरण गर्ने उल्लेख गरेकोमा स्थायी बसोवास भए नभएको तथा विपन्न वर्ग भए नभएको छुट्टिने स्पष्ट आधारमा नाम सिफारिस गरेको देखिएन।आर्थिक सहयोग पाउने लाभग्राहिको छनौट, भुक्तानि दिनमिल्ने रकमको सिमा ,सदुपयोग सम्बन्धि अनुगमन मूल्याङ्कन गर्न सहजता हुने भएकोले मापदण्ड, कार्यविधि तथा निर्देशिकालाई सरलीकृत गरेर अनुदान लिने व्यक्तिको विवरण वेवसाईटमा राखि सार्वजनिक गरिनुपर्दछ ।

| सि.नं. | कार्यक्रम | भुक्तानी विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | उद्धार, राहत तथा पुनर्स्थापना खर्च | आर्थिक अवस्था कमजोर भएको औषधि उपचार गर्न आर्थिक समस्या रहेको निवेदन, वडाको सिफारिस र गा.पा. अध्यक्षको तोक आदेशको आधारमा खर्च गरेको | ३८५००० |

३९ **अन्य निकाय खर्चः**

छुट्टै अस्तित्व भएका कार्यालयको लागि निश्चित कार्यको लागि बजेट विनियोजन हुने गरेको छ । तर छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको जिल्ला प्रहरी कार्यालय, म्याग्दीलाई भौ नं ७७।२०८१।८।१ बाट सवारी साधन मर्मत वापत रु १०२८०० भुक्तानी दिएको देखिदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४० **संघ संस्थामार्फत हुने खर्चः**

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका सक्षम निकायलाई संस्थागत कार्यक्रम सञ्चालनका लागि वितरणमुखी प्रयोजनमा निम्नानुसार रु.१६५०००।०० खर्च लेखी भुक्तानी गरेकोले पालिकालाई थप दायित्व सिर्जना भएको देखियो ।

| भौ. न / मिति | खर्चको विवरण | भुक्तानी रकम रु |
|---|---|---|
| २१०।२०८१।११।२२ | म्याग्दी जेसिस | ३१७०० |
| २५२।२०८१।१२।११ | म्याग्दी उद्योग वाणिज्य संघ | १०८००० |

४१ **कार्यक्रम कार्यान्वयन नभएकोः**

गाउँपालिकाको आ व २०८१।०८२ को उद्योग तथा पर्यटन सम्बन्धि नीति तथा कार्यक्रममा स्थानीय मदीरालाई ब्रान्डिङ्ग गर्न सम्भाव्यता अध्ययन र अनुसन्धान गरी कार्य प्रारम्भ गर्ने र स्थानीय रुपमा उत्पादित मदिराको गुणस्तर वृद्धि गर्दै ब्राण्डिङ्ग गर्ने आवश्यक कानुनी व्यवस्था गरी कार्यान्वयन गर्ने गरी रु १४ लाख बजेट विनियोजन भएकोमा उक्त कार्यक्रम कार्यान्वयनमा आएको देखिएन ।

४२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २१ जना पदपूर्ती भै १२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ, रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

४३ **निर्णय कार्यान्वयन नभएकोः**

राजस्व परामर्श समितिको ०८१।८।२८ को निर्णय नं २ अनुसार मालिका गाउँपालिका वार्ड नं ६ दुखुखोला र वार्ड नं ७ मारवाङ्गमा हाइड्रो परीयोजना संचालनको लागि क्रसर उद्योग संचालन भईरहेकोमा परीयोजना भन्दा वाहिर निस्काशन भएका सम्पत्तिहरुलाई कारवाही गर्नको लागि कार्यपालिकाको बैठकमा सिफारिस सहित जानकारी गराउने निर्णय भएकोमा त्यस प्रकारबाट कारवाही गरी असूली गरेको नदेखिँदा परामर्श समितिको सिफारिस बमोजिम कार्यान्वयन गर्नुपर्दछ ।लेखापरीक्षणको क्रममा कार्यालय र देहायका हाईड्रो लि संग नदीजन्य पदार्थ उत्खनन् गर्ने प्रयोजनको लागि सम्झौता भएकोमा कुन स्थानको कति परीमाणमा उत्खनन् गर्न अनुमति दिएको हो त्यो व्यहोरा नखुलाई सम्झौता गरेकोले नदीजन्य पदार्थ कति परिमाण उत्खनन् गरियो भन्ने अवस्था नदेखिएकोले वातावरणीय प्रभाव मूल्याङ्कन बमोजिम स्थान र परीमाण तोकी सम्झौता गरेको अनुगमन गर्नुपर्दछ ।

| सिं नं | सम्झौता कर्ता | असूली रकम |
|---|---|---|
| १ | धौलागीरी कालिका हाईड्रो लि, ज्ञानेश्वर | ४४६९४६ |
| २ | लुना विल्डर्स, काठमान्डौ | १२००७६० |

४४ **शैक्षिक सामग्री वितरण:**

वितरणमुखी कार्य गर्दा स्वीकृत कार्यविधि अनुसार पारदर्शी तरिकाले गरिनुपर्दछ ।पालिकाले ३६६।२०८२।२।६ बाट एस के प्रिन्टिङ्ग प्रेसलाई रु ९८७५०० शैक्षिक सामग्री खरिद वापत भुक्तानी गरेको छ ।कक्षा १ देखि १२ सम्मका ५४६ सेट स्कूल झोला, कपी,कलम लगायतका सामग्री वितरण गर्दा विद्यार्थीको भरपाई पेश भएतापनि विपन्न वर्गका विद्यार्थी छनौट कार्य के कसरी भएको भन्ने वारे पालिकाले स्पष्ट हुने गरी कागजात पेश गरेको देखिएन ।समग्री खरिद तथा वितरण सम्बन्धि कार्यविधि पालिकाले तयार गरेको छैन तथा वितरित सामग्रीको अनुगमन समेत गरेको देखिएन । तसर्थ, पालिकाले वितरणमुखी कार्यक्रम संचालन गर्दा कार्यविधि स्वीकृत गरी सोही अनुसार कार्याक्रमको अनुगमन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४५ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार शसर्त आन्तरिक श्रोत समेतमा विगत वर्ष र यस वर्षमा समेत वाँकी पेश्की रहेको छैन ।

४६ **आधारभूत अस्पतालतर्फः**

पालिकाले संचालन गरेको आधारभूत अस्पतालतर्फ एक मेडिकल अधिकृत सहित १७ जना स्वीकृत दरबन्दी रहेकोमा ११ जना पदपूर्ती भई बाँकी ६ जना रिक्त रहेको देखिन्छ । दर यस वर्ष एक्स रे, ल्याव लगायतका शीर्षकबाट रु ११ लाख ७६ हजार ७४३ आम्दानी भएकोमा चिकित्सक तथा अन्य प्राविधिक कर्मचारीहरुको तलब भत्ता रु ८६ लाख, अन्य संचालन तथा व्यवस्थापन खर्च रु ६ लाख ३६ हजार खर्च भएको देखिन्छ ।पालिकाले अस्पतालको रिक्त दरबन्दी पुर्ति गरी स्वास्थय सेवा विस्तार मार्फत गुणस्तरिय सेवा प्रदान गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४७ **अभिलेखः**

पालिकाले आफ्नो क्षेत्राधिकारभित्र रहेका पुल, कल्भर्ट, सडक लगायतका संरचनाहरूको निर्माण एवं संचालन अवस्था र लगत खुलाई अभिलेख अध्यावधिक गरी राख्नुपर्दछ । साथै संघ तथा प्रदेश सरकारसँगको अन्तर समन्वयमा दोहोरो नहुने गरी योजना कार्यान्वयन गर्ने गर्नुपर्दछ । कार्यालयले निर्मित संरचना, निर्माणाधिन एवं प्रस्तावित संरचनाको अभिलेख, सोको संचालनको अवस्था, मर्मत संभार कार्य योजनाका लागि आवश्यकता पहिचान, सर्वेक्षण, डिटेल डिजाइन, लागत अनुमान तयारी गर्दा चेनेज डिजाईनमा अभिलेख राख्ने र हेर्न मिल्ने व्यवस्था मिलाई अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाईनु पर्दछ ।

४८ **औषधि खरिदः**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । यसवर्ष पालिकाले संघीय सशर्त, गा.पा अनुदान र दिर्घरोगीलाई औषधि खरिद बजेट उप शिर्षकबाट ई विडिङ्ग तथा दर रेट लिई रु ३४ लाख ४८ हजार ५५५ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| भैचर नं | आपूर्तीकर्ताको नाम | खरिद विधि | मालसमान | रकम |
|---|---|---|---|---|
| ५३।०८१।१०।१८ | क्यान्डेला मेडिकल्स | ई विड | औषधि तथा सर्जिकल्स | ८११६०० |
| ५१०।०८१।३।२४ | माछापुच्छे मेडिसिन सफ्लायर्स | कोटेशन बाट | औषधि तथा सर्जिकल्स | ७०५६५५ |
| ५१४।०८१।३।२४ | क्यान्डेला मेडिकल्स | कोटेशन बाट | औषधि तथा सर्जिकल्स | ९४९५०० |
| ५३०।०८२।३।२४ | ज्ञानु फर्मास्यूटिकल्स | कोटेशन बाट | औषधि तथा सर्जिकल्स | ९८१८०० |
| | | | | ३४४८५५५ |

४९ **स्यानिटरी प्याडः**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुलाई वितरण गर्न पालिकाले रिजाल स्यानिटरी व्याड उद्योग मिति ०८२।२।११ बाट रु ९९४४०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी विद्यालयलाई हस्तान्तरण गरेको छ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

५० **समपूरक अनुदानः**

आर्थिक वर्ष २०८१।०८२ मा ठेक्का नं ०२।२०८१।०८२ अन्तर्गत ताम्सेरुम मोटरबाटो स्तरोन्नती मालिका २ रुमका लागी संघीय सरकारबाट विनियोजित समपूरक कोषबाट रु २ करोड र गाऊपालिकाबाट विनियोजित समपूरक कोषबाट रु २ करोड गरी ४ करोड बजेट विनियोजन भएकोमा उक्त बाटो स्तरोन्नतीको लागि रु ४,००,००,०६३( भ्याट र पिएस) को लागत अनुमान स्वीकृत गरी ठेक्का आव्हान गरेकोमा वि.के कन्स्ट्रक्सन वाग्लुङ्गले पेश गरेको विड रकम रु २,४८,८७,६०९( भ्याट र पि.एस समेत) स्वीकृत गरी मिति

०८२।३।२० सम्म सम्पन्न गर्ने गरी मिति २०८१।९।२५ मा सम्झौता भएको छ ।पालिकाले ५०। ५० प्रतिशत समपूरक अनुदानमा हालसम्म कूल रु ८८,७४,१३३ भुक्तानी गरेकोमा स्ट्रक्चर तथा ग्याविनको कार्य भैरहेको संलग्न रनिङ्ग विल बाट देखिन्छ ।निर्माण कार्यको म्याद २०८२।३।२० सम्म मात्र भएकोमा म्यादभित्र कार्यसम्पन्न नभएकोले विमा तथा कार्यसम्पादन जमानतको समेत म्याद थप गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२० बमोजिम तोकिएको समयमा निर्माण सम्पन्न गर्नुपर्दछ ।

५१ **अधुरो कार्यः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(३ख) मा सेवा प्रदायक वा व्यवसायीले काम नगरेको कारणबाट सार्वजनिक निकायले काम गराउनु पर्दा लागेको थप लागतको दायित्व व्यवसायीले व्यहोर्नु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम तर्फ दुखुवेसी सिँचाई कार्यक्रमको कार्यसम्पन्न गरेको छ भने संघीय सरकारबाट हस्तान्तरित, समपूरक र विशेष कार्यक्रमको आ.ब ०८१।०८२ भित्रै सम्पन्न गर्ने गरी ठेक्का व्यवस्था भएतापनि समयमै कार्य हुन नसकी बजेट फ्रिज भएको र यस वर्ष कार्यक्रममा समावेश नभएकोले योजनाहरु अधुरो रहेका छन ।बजेटको सुनिश्चितता गरी शुरु भएका कार्यक्रम सम्पन्न गर्नुपर्दछ ।

५२ **विशेष अनुदान( संघिय सरकार)**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको समयमा कार्य पूरा हुन नसकेमा आधार कारण तथा समयतालिका सहित म्याद थपको निवेदन पेश गरेमा कार्यालयले म्याद थप गरि सम्झौता कार्यान्वियन गर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।०८२ को ठेक्का नं ३।०८१।०८२ अन्तर्गत डाँडागाऊ स्वास्थ्य चौथो भवन निर्माण आयोजना मालिका ३ को लागि रु १ करोड ४५ लागत बजेट विनियोजन भएकोमा प्रतिस्पर्धाबाट रु ९८,३८,२९२(म्याट र पि.एस समेत) निर्माण व्यवसायी श्री चट्टान निर्माण सेवा, कागेश्वरी काठमान्डौसँग २०८२।३।१५ भित्र सम्मन्न गर्ने गरी मिति २०८१।१०।१५ मा ठेक्का सम्झौता भै प्रथम रनिङ्ग विल विपत रु ३६,४६,८२० भुक्तानी भएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम विमा गराएर मात्र सम्झौता गर्नुपर्नेमा विमा नगराएको र म्याद समेत सकिएको अवस्थामा म्याद थप भएको नदेखिँदा सोही नियमावलीको नियम १२० अनुसार विमा गराई, म्याद थप गरेर तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

५३ **प्रशासकीय भवनको जग्गा प्राप्तिः**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१।१।२६ को सहमती पत्र अनुसार मालिका गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि सोही पालिकाको वार्ड नं ६ मा ५-५-१-० रोपनी जग्गा प्राप्तिको लागि जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम म्याग्दी जिल्लाका प्रमुख जिल्ला अधिकारीको बैठकबाट मुअब्जा निर्धारण भै सोही ऐनको दफा ११ र १८ बमोजिम गोरखापत्रमा सूचना प्रकाशन समेत भैसकेको अवस्थामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मिति २०८२।३।४ को निर्णय अनुसार आ व २०८१।०८२ को जग्गाको न्यूनतम दर रेट र तत्काल प्राप्त कागजात प्रमाणको आधारमा अध्ययन विश्लेषण गर्दा जग्गा प्राप्ती सम्बन्धि कामकारवाही अगाडी नवढाउन उपयुक्त देखि निर्णय आदेश पर्चा जारी भए पश्चात हाल जग्गा प्राप्तिको कार्य रोकीएको छ । नियमानुसार जग्गा प्राप्ति गरी प्रशासकिय भवन निर्माण गरी सेवा प्रावह गरिनुपर्दछ ।

५४ **कार्य तालिकाको पालनाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधी किटान गर्नुपर्ने व्यवस्था छ । साथै कार्यतालिका अनुसार कार्य गर्न प्रत्येक दीन निर्माण व्यवसायीले परिचालन गर्नुपर्ने जनशक्ति तथा सामाग्रीको अभिलेख तयार गरी सोको अनुगमन कार्यालयबाट हुनुपर्छ । तर कार्यालयले बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधी उल्लेख गरी कार्य तालिका पेस गराएको देखिन्छ । जसबाट निर्माण व्यवसायीले तोकेको परिमाणमा सामाग्री तथा जनशक्ति परिचालन गरी कार्यतालिका अनुसार प्रगति गरे/नगरेको यकिन गर्न सकिएन । जसले गर्दा म्याद थप हुने, लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधी उल्लेख गरी लागत अनुमान तयार गर्नु गराउनु र पेस गरे अनुसारको कार्यतालिकामा उल्लेखित समयमै काम सम्पन्न गर्न गराउन ध्यान दिनु पर्दछ ।

५५ **निर्माण कार्यको पुर्वतयारी:**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) अनुसार निर्माण स्थलबाट हटाउनुपर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता र कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ । तर चालु आ व २०८१।०८२ मा निस्कोट ताराखोला सडक निर्माण (NCB/works/081-082-01) का लागि गण्डकी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम( समपूरक अनुदान) बाट रु ६० लाख र गाउँपालिकाबाट समपूरक कोषबाट रु ६० लाख गरी कूल बजेट रु १ करोड २० लाख विनियोजन भै ठेक्का सम्झौताको लागि मिति २०८१।६।१३ मा सूचना प्रकाशन भै दर्ता भएका १३ बटा बोलपत्रदाताहरुको मूल्याङ्कन प्रकृया भैरहेको समयमा डिभिजन बन कार्यालय,म्याग्दीको मिति २०८१।७।२९ को पत्रबाट उक्त मोटरबाटो निर्माणको लागि प्रारम्भिक बातावरणीय परीक्षण नभई सम्झौता हुने अवस्थामा रहेको र बाटो निर्माण गर्दा सल्ला, धुपी, ओखर लगायतका वरुवाको नोक्सानी हुने अवस्था आएकोले चट्टान काट्ने कार्य रोकी प्रचलित बन ऐन र नियमावली बमोजिम आवश्यक कारवाही गरी विवरण पेश गर्न पत्राचार गरे पश्चात उक्त ठेक्का सम्झौता नभै कार्य अगाडि बढेको देखिएन। नियमानुसार निर्माण कार्यपूर्व संरचना हटाउने कार्यको सुनिश्चितता गरी वातावरणीय मूल्याङ्न प्रतिवेदन पश्चात बजेट विनियोजन गरी कार्यान्वियन गर्नुपर्दछ ।

५६ **परामर्श सेवाः**

सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने साथै लागत अनुमान तयार गर्दा स्वीकृत नम्स तथा जिल्ला दररेटको आधारमा गर्नुपर्नेमा पालिकाले परामर्शकताबाट दररेट माग गरी स्वीकृत बजेटको आधारमा लागत अनुमान तयार गरेको हुनाले लागत अनुमान यथार्थपरक भए नभएको विषयमा एकिन हुन सकिएन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार गरी परामर्श सेवा खरिद गरिनुपर्दछ ।

| भौचर नं | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| ५४९।०८२।३।२५ | ह्यापी स्ट्रङ्ग एडभिटाईजिङ्ग, मध्यकालिन खर्च संरचना निर्माण | ५००००० | ४९७८५५ |
| ५५०।०८२।३।२५ | ग्यालेक्सी ईन्जिनियरिङ्ग, यातायात गुरुयोजना | १२००००० | ११९४४१० |
| ५५१।०८२।३।२५ | ह्यापी स्ट्रङ्ग एडभिटाईजिङ्ग, विपद पूर्व तयारी प्रतिकार्य योजना | ५००००० | ४९६९०० |
| ५५२।०८२।३।२५ | सर्वोतम ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि,भू-उपयोग योजना | ५००००० | ४९५५०० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।परामर्श सेवा खरिद तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।यस सम्बन्धमा पालिकाले परामर्श सेवा खरिद गर्दा दक्ष जनशक्तिको अभाव भएको कारण परापर्शदाताबाट सेवा खरिद गर्नु परेको भन्ने जवाफ दिएतापनि यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजना कार्यान्वयनमा गएको नदेखिएकोले खर्चको सार्थकता देखिएन ।

५७ **उपभोक्ता समिति मार्फत खरिद तथा वितरणः**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा मितव्ययीता ,गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियजनाको मुख्य उधेश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ । पालिका ले निम्नानुसार को भौचर बाट निम्नानुसार को खरिद वितरण कार्य को लागि उपभोक्ता समिति लाई रु ७ लाख खर्च लेखेको छ । ऐन मा भएको उल्लेखित ब्यबस्था बिपरित उपभोक्ता समिति मार्फत खरिद तथा वितरण गरेको कानुन सम्मत नभएको रु

| गो.भो र मिति | कार्य | रकम |
|---|---|---|
| १९४/२०८२/३/२३ | वडा कार्यालय साउण्ड सिस्टम खरिद | ३००००० |
| २२४/८२/३/२४ | बिपन्न नागरिक लाई जस्ता पाता खरिद तथा वितरण कार्यक्रम | ४००००० |
| | | ७००००० |

| | |
|---|---|
| अनियमित भएको | ७,००,००० |

५८ **उपभोक्ता समितिको कार्य निर्माण व्यवसायी मार्फतः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) अनुसार श्रममुलक प्रकृतिको काम र उपनियम १० बमोजिम उपभोक्ताले लिएको काम आफैले सम्पन्न गर्नुपर्ने र निर्माण व्यवसायी मार्फत गर्न नहुने उल्लेख छ । कार्यालयले निम्नानुसार को लागत अनुमान तयार गरेकोमा निम्नानुसारको निर्माण कार्यसम्पन्न रकम कायम भएको श्रेस्ता संलग्न भएकोमा निर्माण ब्यबसायी को बिल संलग्न भएकोमा उपभोक्ता समिति को सहभागिता कट्टा भुक्तानी भएको छ । जटील प्रकृतिको कार्य भएको र सम्पुर्ण कार्य मेसिन प्रयोग गरी गरिने यस्तो प्रकृतिको कार्य उपभोक्ता समितिमार्फत देखिएकोमा समेत उपभोक्ता समितिमार्फत सम्झौता गरी निर्माण व्यवसायी मार्फत गराएको देखिँदा उपभोक्ता समितिले सम्झौता गरी लिएको कार्य निर्माण व्यवसायी मार्फत गराएको नियमित नभएको रु

| गो.भो र मिति | योजना को नाम | लागत अनुमान | कार्यसम्पन्न रकम | फर्म को नाम | फर्म को संलगन बिजक रकम | भुक्तानि रकम |
|---|---|---|---|---|---|---|
| २२२/८२/३/२४ | गाइखर्क मोटरबाटो निर्माण | १३०३९८०.३८ | ९१५७०६.९५ | शोले कन्स्ट्रक्सन प्रा.लि | ९१४२०७.६४ | ८५३४०० |
| ८६/८२/२/४ | दरवांग देवी स्थान मोटरबाटो मर्मत | ६४७७४२.७१ | ६३४५४६ | करण अर्जुन निर्माण सेवा | ६३४५४६.५६ | ५८८१४० |
| ३८/८१/११/२३ | सोलीखोला लुक्सिपार सोले मोटरबाटो स्तरोन्नति तथा सडक निर्माण | १५१३९९८.८ | १५४४३०६ | ओमेन ओस्कार निर्माण सेवा | १५४३५०६.५४ | १४००००० |
| २३/८१/१४ | जेम हुँदै घाम ताप्ने मोटरबाटो निर्माण | ४३५५४३.४ | ४३७३६९.36 | रुमाले कन्स्ट्रक्सन एंड सप्लायार्स प्रालि | ४३७३६८.३० | ४००००० |
| | | | | | अनियमित भएको | ३२,४१,५४० |

५९ **निर्माण स्थलको स्वामित्वः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ (३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई निर्माण स्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपुर्ती वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नु पर्ने वातावरणिय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई वोलपत्र आह्वान तथा निर्माण कार्य गर्न नहुने व्यवस्था गरेको छ। पालिकाले अन्य संस्था जस्तै आमा समुह, एकता समाज तथा सामुदायिक भवन निर्माण गर्नु पर्दा समेत सो संरचना निर्माण गरिने जग्गाको स्वामित्व सम्बन्धित समुह वा संस्थाको नाममा रहे नरहेको यकिन गरिनु पर्दछ। सम्बन्धित संस्था वा समुहको नाममा सो जग्गाको स्वामित्व नरहेमा जुन सुकै सययमा सो संरचनाको निर्माण सम्बन्धमा प्रश्न उठ्न सक्ने तथा निर्माण वापत भुक्तानी भएको रकम समेत जोखिममा पर्न सक्ने हुन्छ। पालिकाले यस वर्ष देहायका आमा समुह, एकता समाज तथाः सामुदायिक भवनको निर्माण गरेको तर सो निर्माण स्थलको जग्गाको स्वामित्व सम्बन्धित संस्थामा रहेको प्रमाण संलग्न गरेको देखिएन । कार्यालयले यसरी निर्माण कार्य गर्दा वा निर्माण कार्यको लागी अनुदान भुक्तानी गर्दा संरचना निर्माण गरिने स्थानको जग्गाको स्वामित्व यकिन गरी भुक्तानी गर्नु पर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| गो.भो र मिति | समूह /संस्थाको नाम | भुक्तानि रकम | प्रयोजन |
|---|---|---|---|
| १९२/८२/३/२३ | दलित नौमती बाजा समूह | ८००००० | भवन निर्माण |
| २१०/८२/३/२४ | हिमाली युवा क्लब | १७००००० | स्टेज तथा भवन निर्माण |

६० **अमरज्योती मा.वि. ४ कोठे भवन निर्माणः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५क मा सार्वजनिक निकायको प्रमुखले कुनै निर्माण कार्य गर्नुअघि ऐनको दफा ४ बमोजिमको स्पेसिफिकेसन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनुपर्ने प्रावधान छ। त्यसैगरी नियम ७ मा एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नु पर्ने र सो गुरुयोजनामा खरिदको प्रकार परिमाण र मोटामोटी अनुमानित मूल्य, खरिद विधि, अधिकतम प्रतिस्पर्धाको लागि खरिदलाई टुक्रूयाइने वा प्याकेज बनाइने भए सोसम्बन्धी व्यवस्था, समग्र खरिद कारबाही पूरा गर्नको लागि गरिने सम्झौताहरुको मोटामोटी संख्या जस्ता कुराहरु उल्लेख गर्नुपर्ने व्यवस्था छ। पालिकाले अमरज्योती मा.वि. ४ कोठे भवन निर्माण का लागि नियमावली बमोजिम नक्सा, डिजाइन, एकमुष्ट लागत तयार नगरी सालबसाली बजेट विनियोजन गरी बजेट बमोजिमकै लागत अनुमान तयार गरी निर्माण गराउंदै आएको देखिन्छ। पालिकाले यस वर्ष रु १६६३८९५.७० को लागत अनुमान तयार गरी रु.१०५८२५० भुक्तानी गरी कार्य सम्पन्न गरेको छ। त्यसरी काम गराउँदा पुरानो नापी किताब समेतको नापी अधावधिक राखी लागत तयार गरेको छैन जसले एकै काममा दोहोरोपना हुन सक्ने जोखिम समेत रहेको छ। पालिकाले नियमावली बमोजिम एकमुष्ट लागत अनुमान तयार गरी निर्धारित खरिद विधि अवलम्वन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

६१ **क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थितिः**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानिय निकायले समयमा नै योजना सम्झौता गरि सम्पन्न गर्नुपर्दछ । पालिकाले यस आ.ब मा योजना छनौट गरि समयमै सम्झौता तथा सम्पन्न गर्नुपर्नेमा आ.ब २०८१।८२ मा छनौट गरिएका योजना कति सम्पन्न भए, कतिको रनिङ बिल मात्र भुक्तानी भए , अद्यावधिक कार्य कति छ सोको अभिलेख पालिकाले राखेको छैन । पालिकाले बडा भवन मर्मत । निर्माण, सडक निर्माण , सिचाइ लगायतका योजनाहरु एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्वन्धित आर्थिक वर्षसम्म कुन अबस्थासम्म कार्य भयो सो को अभिलेख नराख्नाले आगामि वर्षहरुमा पुन क्रमागत बजेटमार्फत योजना बनाउँदा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भाबना देखिन्छ । परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढी परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम हुन्छ । पालिकाले तर्जुमा गरेको योजना कार्यान्वियन , सम्झौता तथा कार्यान्वियन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको बिवरण अद्याधिक राखी तथा यकिन गरी अभिलेख राख्नु पर्दछ ।

६२ **गुणस्तर आश्वस्तताः**

निर्माण व्यवसायीसंग भएको सम्झौताको General Condition to Contract मा निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था तथा Technical Specification मा निर्माण कार्यको सम्झौता गर्दा निर्माण व्यवसायीबाट Quality Assurance Plan(QAP) पेस गर्न लगाई सो अनुसार आवश्यक मात्रा तथा संख्या Volume and Frequency मा गुणस्तर परीक्षण गरी निर्माण गरिएका संरचनाहरुको गुणस्तर कायम गर्नुपर्ने व्यवस्था छ । पालिकाले गुणस्तर परीक्षण गराई रिपोर्ट संलग्न नगरेकाले अधिकांश संरचना निर्माण तथा स्तरोन्नति कार्यमा प्रयोग गरिने डण्डी, क्रंक्रिट, ग्याबियन, सव-वेस तथा बेसकोर्स र क्युब लगायतमा अपेक्षित गुणस्तर कायम गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

६३ **कन्टिन्जेन्सी खर्चः**

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

६४ **अनुदानको अनुगमनः**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न ११० व्यक्ति तथा संस्थालाई अनुदान रु २०८८९७८ अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको

सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

६५ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९ को दफा ७(ख), स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(क) तथा गण्डकी प्रदेश स्थानीय सेवा ( गठन तथा संचालन) ऐन २०७९ को दफा ४७मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४६ कर्मचारीको रु २८४५८२१८ तथा पालिका तर्फ रु ११९५७००० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

६६ **स्वास्थ्य विमा कार्याक्रमः**

विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम संचालन कार्यविधि, २०८१ को दफा २ मा विपन्न भन्नाले आर्थिक तथा सामाजिक गरिवीको आधारमा पालिकाले वर्गीकरण गरी सूचिकृत गरेको आर्थिक एंव सामाजिक गरिवीको समस्याग्रस्त परिवार हुने उल्लेख छ ।पालिकाले यस वर्ष मिति २०८१।८।२६ गते कार्यपालिकाको निर्णय गरी ८५७ घर परिवार पहिचान गरी रु ३० लाख बजेट विनियोजन गरी भैचर नं ११४।०८१।९।२ बाट ३० लाख विमा विमा प्रमियम वापत राष्ट्रिय विमा बोर्डलाई भुक्तानी गरेको छ ।नेपाल सरकारले गरिव परिचयपत्र वितरण गरेकोमा तथा पालिकाले गरेको घरधुरी सर्वेक्षणको आधारमा गरिव परिवार पहिचान गरी सूचीकृत भएका परिवारलाई मात्र कार्यक्रममा समावेश गर्नुपर्नेमा सो गरेको पाइएन ।कार्यविधि अनुसार सूचिकृत परिवार लाई विमा कार्यक्रममा सहभागी गराउनु तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६७ **आयोगको परामर्श**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

६८ **बढी भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१६,७५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६९ **आँखा उपचार केन्द्रः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जन चेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सवलिकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गाराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गैर सरकारी संस्थाबाट गराउन सक्ने उल्लेख छ । मिति २०७९/४/२४ को कार्य पालिकाको निर्णय तथा सोहि मितिमा नेपाल रेडक्रस सोसाइटी दरवाङ उपशाखासँग आँखा उपचार केन्द्र संचालन सम्बन्धमा सम्झौता भएको देखियो । यस वर्ष केन्द्रका कर्मचारीहरुलाई तलब भत्ता प्रयोजनकोलागि रु.५,००,०००/- रकम विनियोजन गरी भैचर नं ३७।०८१।६।२० बाट नेपाल रेडक्रस सोसाइटी दरवाङ उपशाखालाई रु ५००००० निकासा भुक्तानी दिएको देखियो ।उक्त रकम आँखा केन्द्रले आफ्नो श्रोतमा आम्दानी जनाएको तथा कुन प्रयोजनमा खर्च गरेको कुनै विवरण पेश गरेको छैन । विगत देखि रेडक्रस सोसाइटीले आँखा उपचार केन्द्र संचालन गरिरहेको र २०७९ सालमा उक्त केन्द्र बन्द गर्न लागेकोले पालिकाले कर्मचारिको तलब भुक्तानी दिने शर्तमा केन्द्र संचालन गर्नुपरेको कार्यालयको भनाई रहेकोमा पालिका अन्तर्गत दरवाङ आधारभुत अस्पताल संचालनमा रहेकोले सोही अस्पतालको विस्तारित सेवा अन्तर्गत आँखा उपचार सेवा संचालन गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

७० **प्राविधिक शिक्षा छात्रवृत्तिः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको सुनिश्चित भएको यकित गरी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले विद्यालय छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०७७ स्वीकृतगरी श्री किसानी माध्यमिक विद्यालय तथा प्राविधिक शिक्षालयमा अध्ययनरत प्राविधिक धारका विद्यार्थीहरुको छात्र वृत्ति वापत यस वर्ष भौं नं १७७।२०८१।११।५ बाट रु.१०,००,०००/- अनुदान निकासा दिएको देखियो । विगत वर्ष देखिनै छात्रवृत्ति अनुदान निकासा दिने गरेको र विभिन्न समयमा अनुगमन समेत गरेको साथै विद्यालयले आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गराउन बाँकि रहेको कार्यालयको भनाई रहेकोमा आर्थिक वर्ष २०८०/८१ को विद्यालयको लेखापरीक्षण प्रतिवेदन परीक्षण गर्दा विद्यालयले प्राविधिक छात्रवृति वापत पालिकाबाट भुक्तानी पाएको अनुदान रकम छुट्टै देखिनेगरी अभिलेखाङ्कन गरेको देखिएन । प्राविधिक धारका विद्यार्थिहरुको लागि दिएको अनुदान रकम विद्यालयको वित्तिय प्रतिवेदनमा स्पष्ट देखिने गरी अभिलेखाङ्कन गर्ने तथा छात्रवृत्ति रकम सम्बन्धित विद्यार्थिको बैंक खातामा दाखिला भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन गरिनुपर्दछ ।

७१ **सवारी भाडाः**

कार्यालयले उपलब्ध गराएको जिन्सि प्रतिवेदन अनुसार कार्यालयमा १ वटा साना सवारी साधन चालु अवस्था रहेको छ । कार्यालयले यस वर्ष योजना अनुगमन र विभिन्न सरकारि कार्यको लागि सवारि भाडामा रु.९५२००० खर्च गरेको देखियो । नमुना छनौटको आधारमा केही श्रेस्ता परीक्षणगर्दा योजनाको अनुगमन, विषयगत शाखाको कार्यक्रम तथा शिविर संचालन र सरकारी कामको सिलशिलामा जिल्ला सदरमुकाम र प्रदेश राजधानि पोखरा कार्यालयका पदाधिकारि तथा कर्मचारीको लागि सवारि भाडामा लिएको जनाई खर्च लेखेको देखियो । कार्यालयमा १ साना सवारी तथा ११ वटा मोटरसाइकल र ३ स्कुटर रहेको र सोही बमोजिम इन्धन, मर्मत लगायतमा खर्च भएको देखिएकोले भाडामा सवारी लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७२ **पारिश्रमिक करकट्टीः**

आयकर ऐन २०५८ को दफा ८७ बमोजिम ऐनको अनुसुचि १ बमोजिमको दरमा करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । देहायका कर्मचारीहरुले सो दरमा करकट्टी गर्नुपर्नेमा सामाजिक सुरक्षा कर कट्टी गरेको तथा कम पारिश्रमिक करकट्टी नगरेकाले दाखिला गर्नुपर्ने रु.

| क्र.स | कर्मचारीको नाम | जम्मा आय | कट्टी रकम | करयोग्य आय | लाग्ने कर रकम १० प्रतिशत | कट्टी गरेको कर रकम | कम भएको कर रकम |
|---|---|---|---|---|---|---|---|
| १ | सोम बहादुर खत्री | ८६९२४० | २१८९१४ | ६३२२७५ | ३२२७ | ० | ३२२७ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **३,३५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२२७ |

७३ **निशुल्क पाठ्यपुस्तक अनुदानः**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदानका लागि विद्यालयले माग गरेका विद्यार्थी संख्यासहित रकमलाई IEMIS मा प्रविष्ट तथ्याङ्कसँग सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन (Verification) गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पहिलो पटकमा चालु शैक्षिक सत्रको विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई हिसाब गरी अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकमा मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ। पालिकाले गो.भौ. नं. र मिति ८४/२०८१।१२।१७ बाट शैक्षिक सत्र २०८१ को IEMIS तथ्याङ्कलाई आधार मानी कुल ३८ विद्यालयलाई पाठ्यपुस्तक अनुदानतर्फ पहिलो किस्ताबापत ७५ प्रतिशत रु. १५६३०२९।२० निकासा गरेकोमा विद्यालयहरूले पेश

गरेको पाठ्यपुस्तक खरिदको बिल तथा विद्यार्थीहरूलाई पाठ्यपुस्तक बुझाएको भरपाईलाई आधार मानी दोस्रो किस्ताबापत भौ. नं. र मिति १२८/२०८२।२।२८ बाट रु. ४४२९६५ गरी जम्मा रु.२००५९९४।२८ निकासा दिएकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण प्रमाणित गरेको नदेखिदा पालिकाले IEMIS तथ्याङ्कलाई अद्यावधिक गर्नुका साथै पाठ्यपुस्तक खरिद गरी वितरण गरेको विद्यार्थी संख्यालाई सत्यापन गराई सत्यापित विवरणका आधारमा पाठ्यपुस्तक खर्च लेख्नुपर्दछ ।साथै समयमा विद्यार्थीले पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको सम्बन्धमा अनुगमन गरी उपलब्धताको सुनिश्चितता गरी निशुल्क पाठ्यपुस्तकका लागि विद्यालयलाई निकासा दिइएको विद्यार्थी संख्या तथा अनुदानको एकीकृत अभिलेखिकरण गर्नुपर्दछ।

७४ **शिक्षक दरवन्दी र पदपूर्तिः**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार |
|---|---|---|---|---|
| १ | प्रा वि | १२१ | १२१ | ४१ |
| २ | नि मा वि | २७ | २७ | १३ |
| ३ | मा वि | २४ | २४ | ५ |
| | | १७२ | १७२ | ५९ |

**शिक्षक दरबन्दी** दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

७५ **शिक्षण अनुदानः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **२,२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७६ **न्युन विद्यार्थी संख्या भएका विद्यालयः**

संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा सामान्यतया क्रमश: पचास, पैचाँलिस र चालिस हुनुपर्ने, सोही नियमावलीको नियम १२ क मा अधिकांश कक्षामा नियम ७७ बमोजिम विद्यार्थी संख्या नभएमा विद्यालय गाभ्न सकिने व्यवस्था रहेको छ। यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या ३८ रहेकोमा IEMIS विवरण अनुसार २० वटा विद्यालयमा नियमावली बमोजिम न्यून संख्यामा विद्यार्थी संख्या रहेको देखिन्छ। पालिकाले न्युन विद्यार्थी संख्या रहेका विद्यालयहरूलाई सम्भाव्यताका आधारमा एक आपसमा एकीकरण गरी विद्यालय व्यवस्थापनलाई चुस्त, प्रभावकारी र मितव्ययी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | विद्यार्थी संख्या | | विद्यालय संख्या |
|---|---|---|---|
| | देखि | सम्म | |
| १ | ४५ | ५३१ | १८ |
| २ | २ | ४४ | २० |

७७ **दिवा खाजाः**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट जारी भएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा प्राप्त गर्ने विद्यार्थी संख्या, विद्यार्थीको हाजिरी तथा प्रगति प्रतिवेदन समेतको आधारमा औषत रुपमा प्रतिविद्यार्थी वार्षिक रुपमा १८० दिनका दरले उपलब्ध भएसम्म स्थानीय उत्पादन समेतमा आधारित दिवा खाजाको व्यवस्था छ । यसरी दिवा खाजाबापत त्रैमासिक रुपमा रकम निकासा गर्ने र अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्ने समेत उल्लेख छ । विद्यालयबाट प्राप्त विद्यार्थी संख्या र हाजिरी उतारको आधारमा संघीय सशर्ततर्फ प्रति विद्यार्थी रु. १५।– का दरले भौ. नं. २७/ २०८१।८।११ बाट प्रथम त्रैमासिकको रु.१२६८२२०, भौ.नं. ६६/२०८१।११।९ बाट दोस्रो त्रैमासिकको रु.१५५८९६५, भौ.नं. ९५/२०८२।१।२ बाट तेस्रो त्रैमासिकको रु. ७९४५५० र भौ.नं. १६२/२०८२।३।१७ बाट चौथो त्रैमासिकको रु. १०५२७३५ गरी जम्मा रु.४६७४४७० निकासा गरेको छ। निकासा भएको रकम तोकिएको कार्यमा खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन । निकासा भएको रकमको सदुपयोग भए नभएको सम्बन्धमा स्थानीय तहले निरीक्षण अनुगमन गरी प्रतिवेदन गर्नुपर्दछ ।

७८ **Wash plan कर्मचारी-**

खानेपानी सरसफाई तथा स्वच्छता योजना तयारी र सूचना व्यवस्थापन प्रणाली अन्तर्गत बस्ती वा टोलस्तरीय घरधुरी र संस्थागत वास तथ्याङ्क सङ्कलन गर्ने र NWASH/MIS मा डाटा अपलोड कार्य गरेबापत मासिक रु.२०००० पारिश्रमिक पाउने गरी मिति २०८१।११।५ देखि २०८२ असार मसान्तसम्मका लागि यस गाउँपालिकाले सितल जुग्जाली र यमनाथ निउरेसँग सम्झौता गरी निजहरूको पारिश्रमिक बापत रु. १९०६६६ भुक्तानी गरेको देखिन्छ । तर सम्झौता बमोजिम निजहरुले तथ्याङ्क सङ्कलन गरी डाटा अपलोड गरेको नदेखिदा सम्झौता बमोजिमको तथ्याङ्कहरू सङ्कलन गरी डाटा अपलोड गरेको प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९०,६६६ |

७९ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष ७८ जनालाई औसत ६८ दिनले ५३७४ दिन रोजगारी उपलव्ध गराई रु. ३८२३३५५.९४ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

८० **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था अनुसार आ.व २०८१।०८२ मा रु ११२४६८८५०.८३ भुक्तानी गरेको छ ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले निम्नानुसार तीन वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रकममध्ये निम्नानुसार रकम बैङ्कमा बाँकी रहेको रु १३८९८५ संचित कोष फिर्ता गरेको छ । यद्यपी पालिकाबाट बैंक सँगको अभिलेख भिडान नगरेकोले फरवार्ड फिड रकम इलोक्ट्रोनिक फण्ड ट्रान्सफर संग भिडान गर्नुपर्दछ ।

| सिन | बैंकको नाम | रकम |
|---|---|---|
| १ | ग्रीन डेभलप्मेन्ट बैंक | १२४२५ |
| २ | प्रभू बैंक लि | २३०३० |
| ३ | गरिमा विकास बैंक लि | १०३५४० |
| | जम्मा | १३८९५५ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मालिका गाउँपालिका, म्याग्दी , मालिका गाउँपालिका , म्याग्दी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | हेमराज काफ्ले | २०७८-१२-१४ | २०८९-१२-२८ |
| कार्यालय प्रमुख | अशोक रिजाल | २०८१-३-१० | २०८१-५-५ |
| कार्यालय प्रमुख | हरिश्चन्द्र ढकाल | २०८१-५-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सागर पौडेल | २०७८-१२-२२ | २०८२-२-१२ |
| लेखा प्रमुख | सुमना के.सी. | २०८२-२-१२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २३७,५४० | ४,२६६,५४० | २,३९०,६६६ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६,८९४,७४६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,३७६,२११ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४,५१८,५३५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ८०६३८५२७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७९०९५३२५ | चालु खर्च | २६८७२३५५० |
| प्रदेश सरकारबाट अनुदान | १३०९०५०० | पूँजीगत खर्च | ९५१४८२४० |
| राजश्व बाँडफाँट | ८७८०२३७३ | वित्तीय/अन्य व्यवस्था | १३२२२०३०१ |
| आन्तरिक आय | ७३६२३०३.० | | |
| अन्य आय | ११५६७६७५१ | | |
| कुल आय | ५०३०२७२५२.० | कुल खर्च | ४९६०९२०९१ |
| बाँकी मौज्दात | | ८७५७३६८८ | |

अनुसूची - २

| सि.नं | लेखापरीण | लेखापरीण गरएका िवषय |
|---|---|---|
| 1 | **DPR** खर्च | खर्च परीक्षण |
| 2 | अमानत, उपभोक्ता समिति र गैरसरकारी संस्थाबाट कार्य गराउने। | उपभोक्ता समिति मार्फत कार्य |
| 3 | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |
| 4 | कण्टिन्जेन्सी खर्च | खर्च परीक्षण |
| 5 | कृषि तथा पशुतर्फ | खर्च परीक्षण |
| 6 | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| 7 | ठेक्का तथा प्रस्ताव व्यवस्थापन | ठेक्का व्यवस्थापन |
| 8 | तलब भत्ता तथा पारिश्रमिक खर्च (तलव, अन्य सुविधा, नियमित परामर्श र करार सेवा) | खर्च परीक्षण |
| 9 | तालिम र कार्यक्रम खर्च | खर्च परीक्षण |
| 10 | पदाधिकारी सुविधा | खर्च परीक्षण |
| 11 | विविध खर्च | खर्च परीक्षण |
| 12 | शिक्षा तर्फ | शिक्षातर्फ |
| 13 | संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत अनुदान (अख्तियारी तथा अन्य कार्यक्रम) | खर्च परीक्षण |
| 14 | सफ्टवेयर खरिद र सञ्चालन खर्च | खर्च परीक्षण |
| 15 | सामाजिक सुरक्षा | सामाजिक सुरक्षातर्फ |
| 16 | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| 17 | वार्षिक मर्मत सम्भार खर्च (**AMC**) | खर्च परीक्षण |

## बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ८,८७,०५,६८८.२९ | ८,८७,०५,६८८.२९ | ७,८३,१७,७८७.९५ | ७,८३,१७,७८७.९५ |
| १३००० | अनुदान | २७,६२,९२,१३६.७८ | २७,६२,९२,१३६.७८ | २९,७०,९७,९८०.३२ | २९,७०,९७,९८०.३२ |
| १४००० | अन्य राजस्व | ६५,८३,७८४.५७ | ६५,८३,७८४.५७ | ५८,९६,६९७.५३ | ५८,९६,६९७.५३ |
| क | कुल जम्मा प्राप्ति | ३७,१५,८१,६०९.६४ | ३७,१५,८१,६०९.६४ | ३८,१३,१२,४६५.८० | ३८,१३,१२,४६५.८० |
| ३ | चालु | २६,८७,२३,५५०.९२ | २६,८७,२३,५५०.९२ | २४,७७,१४,६२२.८८ | २४,७७,१४,६२२.८८ |
| २१००० | पारिश्रमिक / सुविधा | ५,५५,०६,७०६.८८ | ५,५५,०६,७०६.८८ | २,२८,३७,४८७.७६ | २,२८,३७,४८७.७६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | २०,३६,८४,८९२.०४ | २०,३६,८४,८९२.०४ | २१,८०,७०,२३५.१२ | २१,८०,७०,२३५.१२ |
| २५००० | सहायता (Subsidy) | ८,६१,७००.०० | ८,६१,७००.०० | ५,९९,५००.०० | ५,९९,५००.०० |
| २७००० | सामाजिक सुरक्षा | ६२,१०,६२९.०० | ६२,१०,६२९.०० | ३६,५५,८००.०० | ३६,५५,८००.०० |
| २८००० | अन्य खर्च | २४,५९,६२३.०० | २४,५९,६२३.०० | २५,५१,६००.०० | २५,५१,६००.०० |
| ४ | पूंजीगत | ९,५१,४८,२४०.०० | ९,५१,४८,२४०.०० | १२,५७,५६,०५९.०० | १२,५७,५६,०५९.०० |
| ३१११० | भवन तथा संरचना | १,२७,१०,३८०.०० | १,२७,१०,३८०.०० | ३,२८,४१,१८६.०० | ३,२८,४१,१८६.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ४२,५७,७२४.०० | ४२,५७,७२४.०० | १३,८६,७८५.०० | १३,८६,७८५.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ४,५१,२३०.०० | ४,५१,२३०.०० | ५,६६,८००.०० | ५,६६,८००.०० |
| ३११५० | सार्वजनिक निर्माण | ७,७६,४४,४०६.०० | ७,७६,४४,४०६.०० | ९,०६,६१,२८८.०० | ९,०६,६१,२८८.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ०.०० | ०.०० | ३,००,०००.०० | ३,००,०००.०० |
| ३१४१० | जगाप्राप्ति खर्च | ८४,५००.०० | ८४,५००.०० | ०.०० | ०.०० |
| ख) | कुल जम्मा भुक्तानी | ३६,३८,७१,७९०.९२ | ३६,३८,७१,७९०.९२ | ३७,३४,७०,६८१.८८ | ३७,३४,७०,६८१.८८ |
| ग) | बचत /कमी (ग = क-ख ) | ७७,०९,८१८.७२ | ७७,०९,८१८.७२ | ७८,४१,७८३.९२ | ७८,४१,७८३.९२ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातका थप/घट (+/-) | (२२,५५,१५२.००) | (२२,५५,१५२.००) | २८,९८,२१३.१६ | २८,९८,२१३.१६ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | २१०.०० | २१०.०० | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | ५४,५४,६६६.७२ | ५४,५४,६६६.७२ | १,०७,३९,९९७.०८ | १,०७,३९,९९७.०८ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ८,२०,१९,२३१.७५ | ८,२०,१९,२३१.७५ | ६,९८,९४,८१०.८४ | ६,९८,९४,८१०.८४ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ८,७४,७३,८९८.४७ | ८,७४,७३,८९८.४७ | ८,०६,३४,८०७.९२ | ८,०६,३४,८०७.९२ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्ने सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक सख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर

भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।